का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ भदौ २०८०,
बुधबार
23 August 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक २०९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



प्रतिवेदन अध्ययन गर्छौं । त्यसपछि मुद्दा क-कसलाई चल्न पर्ने र नपर्ने तथ्य प्रमाणको आधारमा विश्लेषण गर्दछौं र निर्णय लिन्छौं । आवश्यक लागेका थप अनुसन्धानका लागि निर्देशन पनि गर्न सक्छौं ।

**अच्युतमणि न्यौपाने**
**कार्यालय प्रमुख**
**जिल्ला सरकारी वकिलको कार्यालय**

## २३८ जनालाई मुद्दा चलाउन सिफारिस

५७ दिन लगाएर ललिता निवास जग्गा हिनामिना प्रकरणमा किर्ते र संगठित अपराधबारे दोस्रो चरणको अनुसन्धान गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबीले) सरकारी वकिलको कार्यालय, काठमाडौंमा अनुसन्धान प्रतिवेदन बुझाएको छ ।

मंगलबार बुझाइको अध्ययन प्रतिवेदनमा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गर्ने क्रममा विभिन्न चरणमा संलग्न भएको आरोपमा पूर्व मन्त्रीहरु सहित २३८ जनालाई मुद्दा चलाउन सिफारिस गरिएको छ । उनीहरूलाई सरकारी कागजात किर्ते र संगठित अपराधमा मुद्दा चलाउन सिफारिस गरिएको हो ।

सीआईबीका वरिष्ठ प्रहरी उपरीक्षक दिनेश आचार्यका अनुसार यसअघि पक्राउ परेका र थुनामा रहेका सहितका व्यक्तिहरूलाई मुद्दा चलाउन सिफारिस गरिएको छ। उनका अनुसार ललिता निवासको अनुसन्धान सकिएको छ । अनुसन्धान सकिएपछि उक्त प्रतिवेदन सरकारी वकिलको कार्यालयलाई बुझाएको हो ।

ललिता निवासको जग्गा व्यक्तिगत नाममा दर्ताको प्रक्रियामा संलग्न भएको आरोप लागेका तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदार तथा तत्कालीन भूमिसुधारमन्त्रीहरू डम्बर कुमार श्रेष्ठ र चन्द्रदेव जोशीविरुद्ध किर्ते र संगठित अपराधमा मुद्दा चलाउन प्रहरीले सिफारिस गरेको छ ।

सीआईबीबाट प्रतिवेदन बुझेको सरकारी वकिलको कार्यालयले मुद्दा चलाउने वा नचलाउनेबारे छिट्टै निर्णय लिने बताएको छ ।


जिल्ला सरकारी वकिलको कार्यालयका प्रमुख अच्युतमणि न्यौपाने आफूहरुलाई सीआईबीको प्रतिवेदनमा थप अनुसन्धान हुन आवश्यक रहेको लागेमा थप निर्देशन दिन सक्ने बताउँछन् । उनका अनुसार आठ जनाको टोलीले प्रहरीले पृष्ठ २ मा

## सचिव राउतलाई मुद्दा नचलाउन राय

सीआईबीले ललितानिवास जग्गा प्रकरणमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव कृष्णबहादुर राउतलाई मुद्दा नचलाउन राय दिएको छ ।

सञ्चार मन्त्रालयका सचिव राउतलाई मुद्दा नचलाउन राय दिइएको सीआईबीका एसएसपी दिनेश आचार्यले जानकारी दिए । ललिता निवास जग्गा प्रकरण अनुसन्धानका लागि राउतलाई प्रहरीले २४ असारमा पक्राउ गरेको थियो । तर बन्दीप्रत्यक्षीकरण रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले उनलाई थुनामा नराखी अनुसन्धान गर्न आदेश दिएपछि रिहा भएका थिए ।

शाखा अधिकृत छँदा ललिता निवासको जग्गासम्बन्धी मन्त्रिपरिषदमा पठाउने एउटा फाइलमा टिप्पणी उठाएका आधारमा सीआईबीले राउतलाई अनुसन्धानमा तानेको थियो । तर अनुसन्धान गर्दा मुद्दा चलाउनुपर्ने खालको कसूर नदेखिएको भन्दै सिआइबीले प्रतिवादी नबनाउन राय दिएको हो ।



ललिता निवास जग्गा हिनामिना प्रकरण

# पूर्वप्रधानमन्त्रीद्वयलाई दोस्रो पटक उन्मुक्ति

तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, तत्कालीन भूमि सुधारमन्त्रीहरू डम्बरकुमार श्रेष्ठ र चन्द्रदेव जोशीविरुद्ध किर्ते र संगठित अपराधमा मुद्दा चलाउन सिफारिस गरिएको छ।


**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

२०७६ माघ २२ मा अख्तियारले ११० जनालाई बिगो, कैद र जरिवाना तथा ६५ जनालाई जग्गा जफतका लागि प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दर्ता गर्दा पूर्वप्रधानमन्त्रीद्धय नेपाल र भट्टराईले उन्मुक्ति पाएका थिए ।

सिआइबीले ललिता निवास प्रकरणमा पूर्वप्रधानमन्त्रीद्धय माधवकुमार नेपाल र डा.बाबुराम भट्टराईसँग समेत सोधपुछ गरेको थियो । उक्त सोधपुछका आधारमा पूर्वप्रधानमन्त्रीद्धयलाई साक्षीका रुपमा प्रस्तुत गरिएको छ ।

दुवै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारका घटक दलका नेतृत्व पनि हुन् । सर्वोच्च अदालतले साउन २१ गते निर्णय गर्ने मुख्य निर्णयाधिकारीलाई





पनि अनुसन्धानको दायरामा ल्याउन आदेश गरेको थियो । तर, उनीहरूलाई सोधपुछ गरेर साक्षीका रूरपमा मात्र राख्ने गरी सीआईबीले प्रतिवेदन बनाएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि दुवै पूर्वप्रधानमन्त्रीलाई मन्त्रिपरिषद्का निर्णयमा क्षेत्राधिकार नभएको कारण देखाएर साढे ३ वर्षअघि मुद्दामा पृष्ठ २ मा

## ४ पूर्वमन्त्री, ६ पूर्वसचिव, १८ पूर्वसहसचिव प्रतिवादी

ललिता निवासको जग्गा व्यक्तिगत नाममा दर्ताको प्रक्रियामा संलग्न भएको आरोप लागेका तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदार तथा तत्कालीन भूमिसुधारमन्त्रीहरू डम्बरकुमार श्रेष्ठ र चन्द्रदेव जोशीविरुद्ध किर्ते र संगठित अपराधमा मुद्दा चलाउन प्रहरीले सिफारिस गरेको छ ।

पूर्वसचिवहरु दीप बस्न्यात, छविराज पन्त, दिनेशहरि अधिकारी, युवराज भुसाल, नारायणगोपाल मलेगो र रविन्द्रमान जोशीलाई प्रतिवादी बनाउन सिफारिस गरिएको छ ।

ललिता निवासका तत्कालीन भोगाधिकारी हाटकशमशेर राणा र हेमाद्री शमशेर राणा पनि प्रतिवादीको सूचीमा छन भूमाफियाहरू शोभाकान्त ढकाल, रामकुमार सुवेदी, मीनबहादुर गुरुङ जग्गा हिनामिना प्रकरणमा मुख्य योजनाकारका रुपमा रहेका छन् ।

सीआईबीले ललितानिवासको जग्गा चार पटक गरेर हडपिएको निष्कर्षसहित ४ वटा छुट्टाछुट्टै रायसहितको प्रतिवेदन बुझाइएको छ ।

११२ रोपनी ४ आना १ पैसा जग्गा हिनामिना भएको निष्कर्षसहित प्रहरीले २०९ जनाविरुद्ध पक्राउ पूजी लिएको थियो । नक्कली पशुपति टिकिन्छा गुठी खडा गरेर ४ रोपनी १४ आना २ पैसा २ दाम जग्गा हिनामिना गरेको प्रहरी निष्कर्ष छ । त्यसमा ११० जना संलग्न रहेको प्रहरीको निष्कर्ष छ । त्यही आधारमा प्रहरीले ११० जनाविरुद्ध पक्राउ पूजी लिएको थियो ।

छुट जग्गा दर्ता गर्ने नाममा १२ आना २ पैसा जग्गा हिनामिना भएको प्रहरीको भनाइ छ । त्यसमा १३ जना संलग्न रहेको प्रहरी निष्कर्ष छ ।

बालुवाटारको विशिष्ट व्यक्ति निवास परिसर विस्तारका लागि सट्टापट्टा र सोधभर्नाको नाममा २५ रोपनी ७ आना १ पैसा १ दाम जग्गा हिनामिना भएको प्रहरीको निष्कर्ष छ । यसमा ७४ जना संलग्न रहेको प्रहरी निष्कर्ष छ ।

तर, जग्गा फिर्ता गर्ने कतिपयसहित केहीको हकमा मुद्दा चलाउनु नपर्ने निर्णय भएको सीआईबीका अधिकृतहरु बताउँछन् ।

## १८ अर्बभन्दा बढी बिगो कायम

सरकारी जग्गा हिनामिना प्रकरणमा सिआइबीले १८ अर्बभन्दा बढी बिगो कायम गरेको छ ।

७७१ पेज लामो अनुसन्धान प्रतिवेदनमा सीआईबीले जग्गा घोटालामा संलग्न भएका तर, हाल मृत्यु भइसकेकाहरुको सम्पतीबाट पनि बिगो भराउनु मागदावी लिनुपर्ने राय सरकारी वकिललाई दिएको छ । जग्गा घोटामा संलग्न २१ जनाको मृत्यु भएको छ । संलग्न मध्येका पूर्व मुख्य सचिव माधव घिमिरे दुर्घटनामा परेर त्रिशुलीमा बेपत्ता भएका थिए । उनको अवस्था अझै अज्ञात छ ।

सिआइबीका अनुसार ललिता निवासमा आफूले खरिद गरेको जग्गा फिर्ता गर्छु भनेर ४८ जनाले निवेदन दिएका छन् । उनीहरुलाई प्रहरीले जग्गा फिर्ता प्रयोजनका लागि मात्र प्रतिवादी कायम गर्न राय दिएको छ । जग्गा फिर्ता लिने प्रयोजन भन्दा बाहेकका २३८ जनालाई संगठित किर्ते गरेर जग्गा हिनामिना गरेको कसुरमा प्रतिवादी कायम गरिएको छ ।

# हाकिमसँगै युजर आईडी पनि सरुवा !

**वैदेशिक रोजगार विशेष**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ भदौ

के सरकारी कार्यालयका हाकिम सरुवा हुँदा उनले सरकारी प्रयोजनका लागि प्रयोग गर्ने युजर आईडी पनि सरुवा भएर जान्छ ? श्रम तथा रोजगार कार्यालय विराटनगर, मोरङमा यस्तै भएको छ । विराटनगर कार्यालयका वरिष्ठ श्रम अधिकृत सरुवा भएसँगै उक्त कार्यालयबाट हुने श्रम स्वीकृतिको काम अलपत्र परेको छ । उक्त कार्यालयका वरिष्ठ श्रम अधिकृत खगेन्द्र सुवेदी गत साउन ३२ गते धनकुटाको पाख्रिबास नगरपालिकामा सरुवा भएर गएका छन् ।

सुवेदी सरुवा भएर गएपछि कार्यालय प्रमुखको हैसियतमा पूर्व तथा अन्तिम श्रम स्वीकृति प्रदान गर्दा प्रयोग हुने प्रयोगकर्ता आईडी (युजर आईडी) बन्द नभएको, नयाँ युजर आईडी नबनेका कारणले




उक्त कार्यालयमा अनलाइनमार्फत म्यानपावर कम्पनीहरुले पेश गर्ने डिमाण्डको भेरिफाइ र पूर्व स्वीकृति हुन सकेको छैन ।

कार्यालयका निमित्त प्रमुख पुण्यप्रसाद पौडेलले वैदेशिक रोजगार विभागका महानिर्देशकलाई पृष्ठ २ मा

## ट्रिनिडाडमा अलपत्र तीन नेपाली महिलाको उद्धार

अमेरिका / रासस- अमेरिकास्थित नेपाली दूतावासले ट्रिनिडाड एण्ड टोवागो देशमा अलपत्र तीन नेपाली महिलाको उद्धार गरेको छ । विगत एक महिनाभन्दा बढी समयदेखि अलपत्र सेरसाङ तामाङ, तीर्था लामा वाइवा र याङ्जेन शेर्पालाई त्यहाँको सरकारसँग समन्वय गरी उद्धार गरिएको डिसीस्थित दूतावासले जनाएको छ ।

उनीहरु बिहीबार र शनिबार काठमाडौं पुग्ने दूतावासले जानकारी दिएको छ । दुईतर्फी हवाई टिकट लिएर ट्रिनिडाड पुगेका उनीहरुले त्यहाँ पुगेपछि फिर्ता टिकट रद्द गरेका थिए । त्यसले उनीहरुको अध्यागमनमा पृष्ठ २ मा

## अस्पतालबाटै नवजात शिशु बिक्री



**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

अस्पतालबाटै नवजात शिशु बिक्री हुने गरेको पाइएको छ ।

कोशी अस्पतालका पूर्व मेडिकल सुपरिटेण्डेन डा. तपेश्वरलाल कर्णले यसअघि पनि विभिन्न समयमा अवैध रुपमा जन्मिएका दर्जनभन्दा धेरै शिशु निस्सन्तान दम्पतीलाई लाखौंमा बिक्री गरेको पाइएको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरीले बताएको छ ।

प्रहरीका अनुसार डा. कर्णले अविवाहित जोडीको सम्बन्धबाट जन्मिएको शिशु निस्सन्तान दम्पतीलाई बेच्ने कार्यमा नेतृत्वदायी भूमिका खेल्दै आएका छन् । पछिल्लो एउटा घटना प्रहरीसम्म पृष्ठ २ मा

**प्रधानन्यायाधीशको प्राथमिकता**

# सुशासन र पारदर्शिता

न्यायालयभित्र सुशासन र पारदर्शिता कायम गर्ने उनको प्रतिबद्धता छ । यस अन्तर्गत श्रेष्ठले प्रधानन्यायाधीश श्रेष्ठले पदबहाल गरेलगतै स्वचालित प्रणालीबाट पेशी तथा तारिख व्यवस्थापन गर्ने निर्णय गरे ।



केही न्यायाधीशहरु लामो समयदेखि छानबिनमा तानिएका छन् । उनीहरुको सम्बन्धमा बुझ्ने काम सकिएको छ । अब न्यायाधीश नियुक्ति प्रक्रियासँगै उनीहरुको सम्बन्धमा पनि निर्णय हुन्छ ।

**विश्वम्भरप्रसाद श्रेष्ठ**
**नवनियुक्त प्रधानन्यायाधीश**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, ५ भदौ ।

नवनियुक्त प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ छानबिनमा तानिएका न्यायाधीशहरूमाथि चासो राखेका छन् । मंगलबार प्रधानन्यायाधीशको पदबहालीपछि पत्रकारहरुसँग कुरा गर्दै प्रधानन्यायाधीश श्रेष्ठले छानबिनमा तानिएका न्यायाधीशहरुको विषयमा छिटै निर्णय हुने बताएका छन् ।

केही न्यायाधीशहरु १७ महिनादेखि छानबिनका लागि सर्वोच्च अदालत र न्याय परिषदमा तानिएको अदालत प्रशासनका अधिकारीहरु बताउँछन् । उनीहरुको सम्बन्धमा कहिले निर्णय हुन्छ भन्ने अन्योलता चिर्ने प्रयास प्रधानन्यायाधीश श्रेष्ठले गरेका हुन् ।

'केही न्यायाधीशहरु लामो समयदेखि छानबिनमा तानिएका छन् । उनीहरुको सम्बन्धमा बुझ्ने काम सकिएको छ । अब न्यायाधीश नियुक्ति प्रक्रियासँगै उनीहरुको सम्बन्धमा पनि निर्णय हुन्छ । छानबिनबाट दोषी देखिए कारबाही हुन्छ र निर्दोष देखिए क्लिनचिट पाउँछन् । अब उनीहरुको सम्बन्धमा पनि छिटै निर्णय हुन्छ ।'

फैसलामा कैफियत, मोलाहिजा लगायतको आरोपमा जिल्ला अदालतका पाँच जना न्यायाधीशलाई पृष्ठ २ मा

# सूचना प्रविधिमा अन्तर्राष्ट्रिय क्षेत्रसँग सहकार्य गर्न इच्छुक छौं : मन्त्री शर्मा

**काठमाडौं/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपाल सूचना प्रविधिको विकासका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्न इच्छुक रहेको बताएकी छन् ।

सिंहदरबारस्थित सञ्चार मन्त्रालयमा मंगलबार नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क तइयोङसँगको भेटमा मन्त्री शर्माले राष्ट्रिय हितलाई ध्यान दिँदै सूचना प्रविधिको विकासका लागि सबैसँग सहकार्य गर्न तयार रहेको बताएकी छन् ।



सूचना प्रविधिलाई समृद्धिको प्रमुख आधारको रुपमा नेपाल सरकारले लिएको जानकारी दिँदै उनले नेपाल सरकारले यो वर्षदेखि वार्षिक पुँजीगत बजेटको एक प्रतिशत आविष्कार र नवप्रवर्तनमा लगाउने घोषणा गरेको बताइन् ।

भर्खरै मात्रै साइबर सुरक्षा नीति जारी गरेको उल्लेख गर्दै मन्त्री शर्माले चाँडै साइबर सुरक्षा केन्द्र स्थापना गर्ने तयारीमा रहेको जानकारी दिइन् । अहिले चलिरहेको डाटा सेन्टर स्थापनामा कोरियाले गरेको सहयोगको स्मरण र प्रशंसा गर्दै उनले यसलाई थप सुरक्षित र भरपर्दो बनाउन लागिएको जानकारी दिइन् ।

चालु आर्थिक वर्षभित्र सबै वडा तहसम्म इन्टरनेट सुविधा पुऱ्याउने तयारी गरिएको जनाउँदै मन्त्री शर्माले देशभर फाइभजी सेवा विस्तार गरिने बताइन् । 'सबै वडा तहसम्म इन्टरनेट विस्तार गर्दा नेपालमा सूचना प्रविधिको क्षेत्रमा नयाँ फड्को हुनेछ', मन्त्री शर्माले भनिन्, 'नेपालको सूचना तथा सञ्चार प्रविधिको विकासका लागि कोरियालगायत अन्तर्राष्ट्रिय समुदायसँग जिटुजी, पिटुपी (सरकार-सरकार, जनता-जनता) सहयोग आदानप्रदान गर्न हामी इच्छुक छौं ।'

भेटमा राजदूत तइयोङले नेपालले साइबर सुरक्षाका लागि पारित गरेको साइबर सुरक्षा नीति र पहल महत्वपूर्ण भएको बताए । कोरिया नेपालमा वैदेशिक लगानी गर्ने चौँथो मुलुक रहेको जानकारी दिँदै उनले सूचना प्रविधि क्षेत्रमा लगानी बढोस् भन्ने कोरियाको चाहना रहेको बताए । नेपालमा कोरियाको सरकारी तहबाट मात्र नभइ निजी क्षेत्रबाट पनि ठूलो सहयोग भइरहेको उल्लेख गर्दै सामसुङले पुल्चोक क्याम्पसको 'इन्नोभेसन सेन्टर'मा सहयोग गरिरहेको बताए ।

# महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयमा छात्रवृत्ति वितरण

**प्रेमकुमार चौधरी/मध्यान्ह**
महोत्तरी, ५ भदौ




महोत्तरीको रामगोपालपुर नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा समाज उत्थान कल्याण संघ महोत्तरीको सहजीकरणमा सञ्चालित 'कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमी साझेदारी कार्यक्रम' अन्तर्गत छात्रावृत्ति वितरण गरिएको छ ।

बालिका शिक्षा छात्रवृत्ति वितरण समारोह २०२३ अन्तर्गत महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालय रामगोपालपुरमा छात्रवृत्ति हस्तान्तरण गरिएको हो ।

सो अवसरमा कक्षा ४ देखि १० सम्मका गरिब तथा जेहेन्दार १५ जना छात्राहरुलाई प्रति विद्यार्थी १ झोला, विद्यालय पोसाक २ थान, जुत्ता १ थान, मोजा २ थान, कापी २५ थान, टाइ बेल्ट १/१ थान, वाल पेन १ दर्जन, ज्यामिति बक्स र शैक्षिक सामग्री प्रदान गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख रामदुलार साह, वडा नं. ५ का अध्यक्ष मकेश्वर शर्मा, प्र.अ. बिनोद कुमार मण्डल, देवनारायण सिंह, विद्यालय व्यवस्थापन जेष्ठ सदस्य रवी महरा, प्र.अ. धिरेन्द्र कुमार मण्डल, हेफर प्रोजेक्ट नेपालबाट मिथिलेश झा, समाज उत्थान कल्याण संघको अध्यक्ष रुपेश पासवान लगायतको उपस्थिति रहेको थियो । यो सहयोग उपलब्ध गराउन भूमिका निर्वाह गर्ने रामगोपालपुर नगरपालिका, हेफर नेपाल र समाज उत्थान कल्याण संघ महोत्तरीप्रति विद्यालय परिवारले धन्यवाद साथै आभार व्यक्त गरेको छ ।

### पूर्वप्रधानमन्त्रीद्वयलाई...

प्रतिवादी नबनाई उन्मुक्ति दिएको थियो । २०७५ फागुन २८ मा तत्कालीन केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले ललिता निवास जग्गा हिनामिना प्रकरणमा भ्रष्टाचार कसुर लगाएर अनुसन्धान गर्न अख्तियार र किर्ते तथा ठगीमा छानबिन गर्न सीआईबीलाई पत्र पठाएको थियो । मन्त्रिपरिषद्बाट पत्र पाएको एक वर्षपछि २०७६ माघ २२ मा अख्तियारले पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदारसहित ११० जनालाई बिगो, कैद र जरिवाना तथा ६५ जनालाई जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गर्दा नेपाल र भट्टराई तथा भट्टराई मन्त्रिपरिषद्का मुख्यसचिव लीलामणि पौडेलसहितका उच्च पदस्थले उन्मुक्ति पाएका थिए । अख्तियारले विशेषमा दायर गरेको मुद्दा विचाराधीन छ ।

२०४९ देखि २०६९ सालसम्मको अवधिमा मालपोतदेखि मन्त्रिपरिषद्सम्मका निर्णयबाट ललिता निवासको १ सय ४३ रोपनीभन्दा बढी सरकारी जग्गा तत्कालीन भोगाधिकारी सुवर्णशमशेर राणाका परिवार र भूमाफियाले हडपेका थिए । २०६६/६७ मा प्रधानमन्त्री निवास विस्तारका नाममा माधव नेपाल प्रधानमन्त्री हुँदा मन्त्रिपरिषद्ले २५ रोपनी ५ आनामा नक्कली मोही खडा र भूमाफियालाई सट्टाभर्ना दिने निर्णय गरेको थियो ।

२०६९ असोजमा भट्टराई नेतृत्वको मन्त्रिपरिषद् र त्यही बेलाको गुठीको निर्णयले ५ रोपनी जग्गा नक्कली मोही हुँदै भूमाफियाले हडपेका थिए । त्यसअघि अन्तरिम सरकारबाट २०४७ वैशाखदेखि भदौसम्म भएका निर्णयको अपव्याख्या गरेर मालपोत कार्यालयले २०४९ मा १ सय १२ रोपनी ४ आना र २०६२ मा १२ आना जग्गा व्यक्तिका नाममा कायम गरिदिएको थियो ।

### २३८ जनालाई...

बुझाएको प्रतिवेदन अध्ययन गर्नेछ । उनी भन्छन्, ' प्रतिवेदन अध्ययन गर्छौं । त्यसपछि मुद्दा ककसलाई चल्न पर्ने र नपर्ने तथ्य प्रमाणको आधारमा विश्लेषण गर्दछौं र निर्णय लिन्छौं । आवश्यक लागेका थप अनुसन्धानका लागि निर्देशन पनि गर्न सक्छौं ।'

### हाकिमसँगै...

पत्र पठाउँदै पूर्व स्वीकृतिको अर्का युजर आईडी नबनेसम्मका लागि आफ्नो कार्यालयबाट पूर्व स्वीकृतिको अनलाइन आवेदन नहुने जानकारी गराएका छन् । पूर्व स्वीकृतिको अनलाइन आवेदन र भेरिफाइ नभएपछि त्यस क्षेत्रबाट श्रम स्वीकृति लिनुपर्ने बाध्यतमा रहेका म्यानपावर कम्पनीका शाखा सञ्चालक तनावमा देखिएका छन् ।

गत वर्ष पुष २१ गतेदेखि मदेश प्रदेशको जनकपुर र कोशी प्रदेशको विराटनगरबाट पनि वैदेशिक रोजगारीमा जानेहरुलाई व्यक्तिगत तथा सीमित संख्यामा संस्थागत श्रम स्वीकृति दिन थालिएको हो । त्ययसअघि कार्यालयबाट वैदेशिक रोजगारमा दोहोऱ्याएर जानेको श्रम स्वीकृतिको नवीकरण मात्रै हुने गरेको थियो ।

सर्वसाधारणलाई प्रविधिमैत्री सेवा दिने भन्दै वैदेशिक रोजगार विभागले अनलाइनमार्फत संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिन थालेको हो । तर कार्यालय प्रमुख सरुवा हुँदा र युजर आईडी अन्य कर्मचारीसँग नहुँदा कतिपय कामदारको भिसाको अवधि समाप्त हुने खतरा बढेको वैदेशिक रोजगार व्यवसायीहरुले मध्यान्हलाई बताए ।

### ट्रिनिडाडमा...

कठिनाइ उत्पन्न भएको थियो । ट्रिनिडाड एण्ड टोवागो सरकार र त्यहाँ रहेका नेपालीले उनीहरुलाई उद्धारमा सहयोग गरेका थिए । अमेरिकास्थित नेपाली दूतावासले पर्यटक भिसामा क्यारेबियन देशमा यात्रा गर्दा उनीहरुले भिसा आवेदनका साथ फारम भर्दा अपनाएको पर्यटक भिसा र अन्य भिसाका लागि आवश्यक प्रक्रिया पूरा गर्नसमेत अपिल गरेको छ ।

### अस्पतालबाटै ...

पुगेपछि विगतमा पनि त्यस्तै कार्य गर्ने गरेको पाइएको प्रहरीको भनाइ छ ।

मोरङ प्रहरीका प्रवक्ता डीएसपी रन्जनकुमार दाहालका अनुसार डा.कर्णले पछिल्लो पटक भोजपुर हतुवागढी ४ की २७ वर्षीय अविवाहित गोविन्द राई र उनकी प्रेमिका २६ वर्षीया युवतीको सम्बन्धबाट गत असार १४ गते ग्रिनक्रस अस्पतालमा सामान्य रुपमा जन्मिएकी शिशुलाई मोरङको काटहरी गाउँपालिका २ आर्दश टोलका सूर्यनारायण राजवंशी दम्पतीलाई ५ लाख रुपैयाँमा बिक्री गरेको पुष्टि भएको छ ।

बच्चा खरिद गर्ने सूर्यनारायण, उनकी पत्नी श्यामवती, आमा दिलमाया र दिदी सुधा राजवंशीलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ । शशु बिक्री गर्ने डा. कर्णलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार डा. कर्णले ग्रिनक्रस अस्पतालको ओटी विभागमा कार्यरत सुधा राजवंशी मार्फत पछिल्लो पटक पाँच लाखमा शिशु बिक्री गरेका हुन् ।

### प्रधानन्यायाधीशको...

सर्वोच्च अदालत र न्याय परिषद् काजमा तानिएको थिए । तानिएका मध्ये जिल्ला न्यायाधीशहरु सूर्यप्रसाद अधिकारी र बद्री ओली उमेर हदका कारण अनिवार्य अवकाशमा गइसकेका छन् । न्यायाधीशहरु राजकुमार कोइराला, अम्बिका निरौला र परशुराम भट्टराई बहाल छन् । यद्यपि निर्णय हुँदा अवकाशमा गइसकेका न्यायाधीशको हकमा समेत निर्णय हुने बताइएको छ ।

अर्थात, न्यायालयभित्र सुशासन र पारदर्शिता कायम गर्ने उनको प्रतिवद्धता छ । यस अन्तर्गत श्रेष्ठले प्रधानन्यायाधीश श्रेष्ठले पदबहाल गरेलगत्तै स्वचालित प्रणालीबाट पेशी तथा तारिख व्यवस्थापन गर्ने निर्णय गरे ।

मंगलबार शितल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ लिएपछि उनले सर्वोच्च अदालत पुगेर पदबहाल गरेका थिए । पदबहाल लगत्तै उनले स्वचालित प्रणालीबाट तारिख व्यवस्थापन गर्ने निर्णय गरेका हुन् ।

मुद्दाका पक्षहरुले कहिले तारिख लिने भन्नेबारेमा यसअघि कर्मचारीहरुले नै निर्णय गर्ने व्यवस्था थियो । अब स्वचालित प्रणालीले नै तारिख तोक्नेछ । मुद्दाको प्रकृति, सम्बन्धित दिनमा मुद्दाको चाप, मुद्दाको पालो आउने बार लगायतका आधारमा स्वचालित प्रणालीले आफै तारिखको दिन तोक्नेछ ।

गोला प्रक्रियाबाट इजलास चयन र मुद्दा तोक्ने पद्धती भने यथावत रहनेछ । सर्वोच्च अदालतले सफ्टवेयरबाट मुद्दा व्यवस्थापन गर्दै आएको छ ।

**स्कट नेपाल मिडिया हाउस प्रा.लि.**
**(लिक्वीडेशन)**
**सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/२८ मा दर्ता भएको **प्रा.लि. नं. १९१३९०/०७४/०७५** को **स्कट नेपाल मिडिया हाउस प्रा.लि.** को मिति २०८०/०३/३१ गतेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**त्रिपुरेश्वर, काडमाडौं, सम्पर्क नं. ९८६०४०५६३४, इमेलः** advsanjay200@gmail.com

## साउदीमा रोजगार | कम्पनी : Abdul Majeed Abdul Rahman Al Jeraisy Recruitment Company Branch
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/११/२५ चलानी नं.: ६०१७५६९४ LT. No.: 258906 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 24 | 0 | स. काममा दक्ष | 1000 | ३५,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता अञ्जली टेक्निकल ट्रेनिङ इन्स्टिच्यत, इटहरी, सुनसरीमा २०८० भदौ ७ गते (24 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० भदौ ८ गते (25 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ईजाजत नं.: ४०७/०६०/०६१
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824, 984178115, 9851015421
E-mail: cm.seagull55@gmail.com

## मलेसियामा रोजगार | कम्पनीः TKN CALCIUM INDUSTRIES (M) SDN BHD
शहरः Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०८/०७ चलानी नं.: ६०१९१८५४ LT. No.: 276132 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १३ गते (30 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Topaz International Pvt. Ltd.**
Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal.
Tel.: +977– 014512650

## साउदीमा रोजगार | कम्पनी : SHAHRA ALI HAMAD ALSHAHRANI READY MADE GARMENT
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०५/०४ चलानी नं.: ६०२०६४६२ LT. No.: 291210

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १३ र १४ गते (30 & 31 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1468/074/75
**Pritam Employment Pvt.Ltd.**
Sinamangal-9, Kathmandu (In Front of Airport Gate )
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com

## KUWAIT मा रोजगार | कम्पनी : BERLIN ORDER CO FOR DELIVERY OF CONSUMER ORDERS
शहरः KUWAIT

पुर्व स्वीकृत मितिः २०८०/०५/०५ चलानी नं.: ६०२०६६१७ L.T. No.: 291508

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reporter | 10 | 0 | | 140 | ६०,२८५ | | | | | | | |

२. कम्पनी : AL HANA UNITED GENERAL.TRADING & CONTRACTING CO. WLL शहरः KUWAIT
पुर्व स्वीकृत मितिः २०७९/१२/१४ चलानी नं.: ६०१९८९३६ L.T. No.: 283506 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner | 50 | 0 | स. काममा दक्ष | 85 | ३६,६०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १३ गते (30 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.**
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu,
Gov. Lic. No. 1422/074/075
Tel: 458773, 4581383, Mob.: 9801054684
E-mail: omamamanpower1422@gmail.com. URL : www.omamamanpower.com

**दुहुँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हिकिला, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०।०५।०६**

यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक आपुर्तिकर्ताहरुबाट निम्न सर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. गत आ.व.मा नवीकरण सहितको इजाजत पत्र, करचुक्ता प्रमाणपत्र, आय कर मु.अ. करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु.१००० कार्यालयमा राजश्व नगदै तिरेको रसिद वा यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क हिकिला शाखामा रहेको राजश्व खाता नं ०७८०१४००२५००४७ मा नगद जम्मा गरेको बैङ्क भौचर सहित निवेदन पेश गरी दरभाउपत्र खरिद गर्नु पर्नेछ ।
२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको दिउँसो १२ बजे भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ । तर सो दिन सार्वजनिक विदा परेमा सम्पुर्ण कार्यहरु सो को भोलिपल्ट साविक समयमै पेश गर्नु पर्नेछ ।
३. सिलवन्दी दरभाउपत्र फाराम पेश गर्दा पत्रदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
४. यसरी दर्ता हुन आएका दरभाउपत्र १६ औं दिनको अपरान्ह २ बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुकोको रहोवरमा खोलिनेछ तर दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि कार्यालयलाई दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खोलिनेछ ।
५. सिलवन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वाफत यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क हिकिला शाखामा रहेको ग ३.१दुहुँ गाउँपालिका धरौटी खाता नं०७८०१४००२५००३० मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मायता प्राप्त बैंकबाट ७५ दिनको मान्य आवधि रहने गरी जारी भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।
६. सिलवन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको सामग्री आपुर्तिकर्ताले कार्यालयको निर्णय अनुसार ढुवानी गर्नु पर्नेछ ।
७. कबोल अंक उल्लेख गर्दा तोकिए बमोजिम उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
८. कुनै सर्त राखी पेश गरिएको सिलवन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभापत्र स्वीकृत भए पश्चात पनि कार्यालयले आवश्यक सामग्री पूर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ ।
९. सूचनाको सर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फारममा कुनै थपघट गरिएको, रीत नपुगको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
१०. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम हुने र अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।
११. खरिद गरिने सामग्रीहरुको आपुर्तिको प्राविधिक स्पेशिफिकेसन सम्बन्धी विवरण बिड डकुमेन्टमा संलग्न राखिनेछ ।

**दरभाउपत्र सम्बन्धी विवरण**

| दरभाउ पत्र नं | कामको बिवरण | मु.अ.कर सहित रु | धरौटि रकम रु |
|---|---|---|---|
| DRM/SQ/GOODS/ NCB/05.2080-081 | करेसाबारी निर्माणका लागि आवश्यक सामग्री खरिद | १९,९९,०००।०० | ५०,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

# दुई वर्षभित्र सबैलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क : स्वास्थ्यमन्त्री

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले दुई वर्षभित्र सबै नागरिकलाई आधारभूत स्वास्थ्यसेवा नि:शुल्क उपलब्ध गराउने योजना रहेको बताएका छन् ।

औषधि व्यवस्था विभागले आयोजना गरेको फर्मासिष्ट व्यवसायीहरुका लागि कुशल फार्मेसी सञ्चय भण्डार एवं अभ्याससम्बन्धी 'क्षमता अभिवृद्धि तालिम'को अवसरमा मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा अन्य विभिन्न शीर्षकका बजेट घटाएर भए पनि नागरिकलाई आधारभूत स्वास्थ्यसेवा नि:शुल्क र प्रभावकारीको पहुँच अभिवृद्धि गरिने स्पष्ट पारे ।

उनले भने, 'मैले दुई वर्षभित्रमा हालकै स्रोतसाधन, चुहावट नियन्त्रण, फजुल खर्च र अनुत्पादक क्षेत्रको रकम कटौती गरेर भए पनि जनताको आधारभूत स्वास्थ्य सेवा नि:शुल्क र प्रभावकारी बनाउने विषयमा जोड दिएको छु ।'

मन्त्री बस्नेतले अहिले पनि देशभर गरिब, निमुखा र असहाय नागरिकलाई नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न आफू लागिपरेको भन्दै समाजमा त्यस्ता समस्यामा परेका व्यक्ति भए सम्पर्क गराइदिन पनि अनुरोध गरे ।

उनले स्वास्थ्य क्षेत्रको बेथिति सुधार गरी जनतालाई सरल र सहज रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा कुनै सम्झौता नहुने स्पष्ट पारे ।



उनले भने, 'धेरै स्वास्थ्यकर्मी दुर्गम गाउँसम्म नपुगेको सुगममा काज लिएको भन्ने गुनासो छ, भनसुन र पहुँचका आधारमा अब त्यो चल्दैन, बेथिति अन्य गरी थिति बसाल्न सबै लागौँ स्वास्थ्यकर्मीलाई गाउँसम्म पुऱ्याउने अभियानलाई निरन्तरता दिन्छु ।'

मन्त्री बस्नेतले हाल वीर अस्पतालमा लागू गरिएको बिहान ८ बजेदेखि शुरु हुने ओपिडी सेवा क्रमश: देशभर विस्तार गर्ने योजना रहेको पनि जानकारी दिए । स्वास्थ्यमन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा बेथिति मौलाएको, मानवीय स्वास्थ्यमा जोखिम बढ्दो क्रममा रहेको भन्दै यसलाई नियन्त्रण गर्न सबै सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिए ।

उनले फार्मेसी सञ्चालन र भण्डारण पारदर्शी नभएको कतिपय औषधि कम्पनीले दर्ता र नवीकरण नगरेको र मापदण्डअनुरुप बिक्री वितरण नगरेको पाइएकाले मन्त्रालयले अनुगमन र नियमनको कामलाई प्रभावकारी बनाउने बताए ।

मन्त्री बस्नेतका अनुसार मन्त्रालयले हालै काठमाडौं उपत्यकामा एक सय फार्मेसी अनुगमन गर्दा एउटा फार्मेसी मात्रै मापदण्ड अनुसार सञ्चालन भएको पाइएको बताए । औषधिजस्तो संवेदनशील विषयको लापरबाही तवरले बिक्री वितरणले मानवीय स्वास्थ्यमाथि खेलबाड भइरहेकाले यस्तो बेथिति नियन्त्रणका लागि मन्त्रालयले हदैसम्मको निर्णय लिने उनको भनाइ थियो ।

औषधी व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले औषधि ऐन २०३५ ले व्यवस्था गरेको उद्देश्य र मापदण्डअनुरुप औषधि बिक्री वितरण र भण्डारणलाई व्यवस्थित र प्रभावकारी बनाउन विभागले अनुगमन र नियमनको कामलाई तीव्रता दिएको उल्लेख गरे । विभागले गरेको अनुगमनका क्रममा धेरै औषधि पसल बिना दर्ता सञ्चालनमा पाइएको र लागुऔषध र दुर्व्यसनीसम्बन्धी औषधि जथाभावी रुपमा बिक्री वितरण गरेकोले त्यस्ता औषधि पसललाई आवश्यक कारबाही गरिएको बताए ।

नेपाल औषधि व्यवसायी संघका अध्यक्ष मृगेन्द्रमेयर श्रेष्ठले मूल्य एकरुपता कायम गरेर देशका कुनाकुनासम्म सहज रुपमा औषधि अभाव हुन नदिन संघले पहल गरिरहेको जानकारी दिए । तीन दिने तालिममा फार्मेसी व्यवसायलाई चुस्तदुरुस्त तथा थप गुणस्तरीय बनाइ कुशल फार्मेसी, भण्डार र वितरण अभ्यासलाई प्रभावकारी बनाउने विषयमा विज्ञहरुले प्रक्षिण दिनुहुनेछ । तालिमले फार्मेसी सेवालाई स्तरोन्नत्ति गर्ने, मापदण्डअनुरुप सेवा विस्तार गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।

# अवैध कुखुरा आयात रोक्न गृह मन्त्रालयको निर्देशन




**काठमाडौं/मस**-गृह मन्त्रालयले भारतसँगको खुला सीमा नाकाबाट गैरकानूनी रुपमा ओसारपसार हुन सक्ने कुखुरा तथा कुखुराजन्य पदार्थको नियन्त्रणको व्यवस्था मिलाउन निर्देशन दिएको छ । मन्त्रालयले मंगलबार सीमा क्षेत्रसँग जोडिएका जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई अवैध ओसारपसारमा संलग्न व्यक्ति तथा प्रयोग हुने सवारी साधनलाई प्रचलित कानून बमोजिम कारबाही गर्न निर्देशन दिएको हो ।

मन्त्रालयले सीमा नाकामा गस्ती निगरानी बढाउन, सीमा क्षेत्रमा अवैध तथा मापदण्ड विपरीत खोलिएका कुखुरा फार्म, बधशाला, ह्याचरी र कोल्ड स्टोरलाई हटाउन र भन्सार तथा क्वारेन्टाइनको प्रभावकारिता वृद्धि गर्न आवश्यक समन्वय गर्न निर्देशन दिएको हो ।

कुखुराको मासुमा नेपाल आत्मनिर्भर भएपनि भारतीय सीमाबाट कुखुरा तथा कुखुराजन्य पदार्थको गैरकानूनी ओसारपसार भइरहँदा आफूहरु मारमा परेका भन्दै कुखुरा उद्योगी व्यवसायीले त्यसको नियन्त्रणका लागि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग आग्रह गरेका थिए । सोमबार सरोकारवालासँगको बैठकमा उनले अवैध चोरी निकासीले समग्र अर्थतन्त्र, राजस्व र औद्योगिक वातावरण चौपट हुने भएकाले कानून नै संशोधन गरेर भएपनि यसको प्रभावकारी नियन्त्रण गरिने बताएका थिए ।

# बाँफिकोट गाउँपालिकामा बजार अनुगमन, अवैध सामान बरामद

**रुकुम पश्चिम/मस**–रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाका विभिन्न बजार क्षेत्रमा अनुगमन गरिएको छ । गाउँपालिकाले दुई दिन लगाएर बजार अनुगमन गरेको प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओलीले जानकारी दिए ।

गाउँपालिकाले शनिबार र आइतबार गाउँपालिकाको लागिम, जिपु, सिम, जग्रा, छिनखेत बजार, सेराखेतलगायतका ठाउँमा अनुगमन गरेको हो । अनुगमनका क्रममा साढे २ लाख रुपैयाँ बराबरको सामान बरामद गरिएको र केही बरामद सामान नष्टसमेत गरिएको गाउँपालिकाले बताएको छ ।




विशेषगरी अनुगमनका क्रममा मदिरा जफत गरिएको छ । बिना लाइसेन्स सञ्चालन गरिएका पसलबाट मदिरा जफत गरी गाउँपालिकाको स्टोरमा सुरक्षित राखिएको प्रमुख प्रशासकीय अधिकृत ओलीले बताए ।

जफत गरिएका मदिरा र अन्य सामान कर तिरेको रसिद तथा नवीकरण गरेको लाइसेन्स लिएर आएमा फिर्ता दिइने गाउँपालिकाको भनाइ छ । साथै मापदण्ड विपरीत सञ्चालन भएका १५ भन्दा बढी पसल गाउँपालिकाले बन्द गरिदिएको छ । यस्तै सात हजार रुपैयाँ बराबरको सामान विभिन्न व्यक्तिको रोहबरमा नष्ट गरिएको गाउँपालिकाले जनाएको छ । अनुगमनका क्रममा मापदण्डमा रहेर पसल सञ्चालन गर्न निर्देशनसमेत दिइएको छ ।

अनुगमनमा बाँफिकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओली, उपभोक्त हित संरक्षण कार्यलय रुकुम पश्चिमका कम्प्युटर अपरेटर ठकेन्द्र केसी, इलाका प्रहरी कार्यालय बाँफिकोटका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

# मध्यान्हकर्मी खत्रीमाथि हातपात



**रुकुम पश्चिम/मस**–

समाचारको विषयलाई लिएर मध्यान्हकर्मी प्रचण्ड खत्रीमाथि हातपात भएको छ । रुकुमपश्चिमको बाँफिकोट गाउँपालिकाले गाउँपालिकाभित्रका बजार अनुगमन गरेको थियो । सोही अनुगमनको रिपोर्टिङको विषयलाई लिएर बाफिकोट गाउँपालिका वडा नं. ४ को छिनखेत बजारमा सञ्चालित सिस्ने हिमाल मेडिकल हलका सञ्चाल बाँफिकोट गाउँपालिका ६ जिपसिङका लक्ष्मण शाहीले खत्रीमाथि हातपात गरेका हुन् । उक्त घटनालाई लिएर प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति रुकुम(पश्चिम)ले विज्ञप्ति जारी गर्दै हातपात गर्ने शाहीमाथि कडा कारबाहीको माग गरेको छ ।

समितिका अध्यक्ष देव कुमार ओलीले विज्ञप्ति जारी गर्दै खत्रीमाथि हातपातका साथै ज्यान मार्ने धम्की दिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ,'अनुगमनको समाचारमा आफ्नो मेडिकलको फोटो प्रयोग गरेको भन्दै शाहीले पत्रकार खत्रीमाथि हातपात गर्नुका साथै ज्यान मार्ने धम्की दिएको तथा मोबाइल खोलेर फान्दिएको घटना सिंगो पत्रकारितामाथिको हमला हो भन्ने हाम्रो संगठनको ठहर छ ।' समाचारमा चित्त नबुझे कानूनी उपचार खोज्ने बाटो हुँदाहुँदै पनि पत्रकारमाथिको हमला प्रेस स्वतन्त्रतामाथिकै हमला भएको संगठनले जनाएको छ । पत्रकार खत्रीप्रति गरिएको हातपातको घोर भर्त्सना गर्दै दोषी उपर कडा कारबाहीका लागि प्रहरी, प्रशासन समक्ष जोडदार माग गरिएको छ ।

**मैवाखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**साँघु, ताप्लेजुङ**
**(प्रदेश नं. १, नेपाल)**
**स्था: २०७३**

**हाजिर हुन आउने सम्बन्धी अन्तिम पटक प्रकाशित सूचना**

**प्रकाशित मिति:२०८०।०५।०६**

मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पूर्वाधार शाखामा अ.सव-इन्जिनियर पदमा कार्यरत कर्मचारी द्वय मैवाखोला गाउँपालिका वडा नं. ३ (साविक साँघु गा.वि.स.-४), ताप्लेजुङ स्थायी ठेगाना भएका श्री विजय चोङबाङ लिम्बु (क.सं.नं. २४१७३१) र मेलुङ गाउँपालिका-१ (साविक पवटी गा.वि.स-१), दोलखा स्थायी ठेगाना भएकी श्री इनुषा न्यौपाने (क.सं.नं. २३९२८३) २०७९ साल फाल्गुन १५ गते देखि निरन्तर कार्यालय प्रमुखबाट बिदा स्वीकृति नगराई हाल सम्म कार्यालयमा हाजिर नभएको कारण मिति २०८०/०२/०७ गते र २०८०/०४/१८ गते कार्यालयबाट लिखित रुपमा स्पष्टीकरण पेश गर्न दिएको समय भित्र अटेर गरी कुनै जानकारी नदिएको हुनाले मिति २०८०/०४/२८ गते राष्ट्रिय दैनिक पत्रिका मार्फत् सार्वजनिक रुपमा सूचना प्रकाशित गरेर लिखित स्पष्टीकरण सहित हाजिर हुन आउने सम्बन्धी सूचना समेतलाई वेवास्था गरी हालसम्म यस कार्यालयमा कुनै जानकारी दर्ता नभएको हुँदा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ६१ बमोजिम सजाय किन नगर्ने ? कारवाही नगर्नु पर्ने कुनै मनासिव कारण भए सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र लिखित स्पष्टीकरण सहित कार्यालयमा हाजिर हुन अन्तिम पटक यसै सूचना मार्फत जानकारी गरिएको छ ।

.........................................
**(लक्ष्मीमाया गोम्देन)**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**Tribhuvan University**
**Laxmi Campus**
**Baniyani, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for e-Bids**

Date of Publication: 06th Bhadra 2080 (23rd Aug 2023)

| S. N. | Contract ID. | Name of Project | Estimated Amount (Exclusive of VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LC/NCB/WORKS/01/2080-81 | Construction of Laxmi Campus, Baniyani, Jhapa | 44,63,117.90 | 3000 | 1,15,000 | 120 Days | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2080/06/05 (22 nd Sep 2023) 12:00 PM | 2080/06/05 (22 nd Sep 2023) 01:00 PM |

Laxmi Campus, Baniyani, Jhapa invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

1. Information to deposit the cost of bidding document in Bank:
   **Name of Bank** : Rastriya Banijya Bank Ltd., Bhadrapur Branch
   **Name of Office** : Laxmi Campus
   **Office Code No.** : 828
   **Rajaswa Khata No.** : 2210100005038001
2. Information to deposit the Bid Security in Bank:
   **Name of Bank** : Global IME Bank Ltd., Birtamode Branch
   **Name of Office** : Laxmi Campus
   **Dharauti Khata No.** : 00501010000046

**Campus Chief**



मध्यान्ह
www.madhyanhadaily.com
६ भदौ २०८०, बुधबार
23 August 2023, Wednesday

## सम्पादकीय

# सन्देहपूर्ण (अ)सहमति

प्रमुख राजनीतिक दलहरूबीच सोमबार राति जुटेको सहमति बमोजिम मंगलबार संघीय संसद्को अवरोध हट्न सकेन । सोमबार मध्यराति प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सहित बसेको शीर्ष नेताहरूको बैठकले सुन बरामद प्रकरणबारे मध्यमार्गी सहमति जुटेको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पहलकदमीमा भएको छलफलले सुन बरामद प्रकरणमा सीआईबीले गरिरहेको अनुसन्धानलाई कायमै राख्ने, तर एमालेको माग बमोजिम उच्च स्तरीय छानबीन आयोग गठन गर्ने सहमति जुटेको थियो । सहमतिपछि एमालेले गएको १० साउनदेखि गरिरहेको संसद् अवरोध हट्ने अनुमान थियो । तर पूर्वअनुमान बमोजिम मंगलबार तय भएको प्रतिनिधिसभा बैठक बस्न सकेन । सभामुख देवराज घिमिरेले नवनियुक्त प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठको शपथमा जानुपर्ने कारण देखाएर प्रतिनिधिसभा बैठक सूचना टाँसेर स्थगित गरिदिए ।

शपथ समारोह देखाएर सभामुखले बैठक स्थगित गर्नु प्राविधिक कारण मात्रै थियो । किनकि राजनीतिक सहमतिमै फेरि समस्या देखिएको थियो । सोमबार मध्यरात जुटेको सहमतिमा उच्च स्तरीय छानबीन आयोगको सीमाबारे कार्यविधि तयार पार्न प्रमुख तीन दल (नेपाली कांग्रेस, एमाले र माओवादी) का दोस्रो तहका नेताहरूको बैठक बस्नुपर्ने समझदारी थियो । तर नेताहरूको बैठक नै बसेन । त्यसअघि एमाले अध्यक्ष ओली मंगलबार प्रधानमन्त्री कार्यालय सिंहदरबार आउने भन्ने सहमति पनि कायम रहेन । स्वास्थ्यलाई समस्या देखाएर ओली बैठकमै गएनन् । एमालेले थप छलफलको आवश्यकता रहेको भन्दै सहमतिबाट पछि हट्ने संकेत गरेको छ ।

सोमबार र मंगलबार देखिएको यी दृष्यले आमनागरिकमा भने सन्देह देखिएको छ । कतिपय नेताहरूले छानबीनलाई प्रभाव पार्ने षडयन्त्र भनेका छन् । भुटानी शरणार्थी प्रकरण र ललिता निवास जस्ता हिनामिना प्रकरणको अनुसन्धानलाई प्रभाव पार्नेगरी केही निर्णय भएकाले पनि सुन बरामद प्रकरणप्रति नागरिक आशंका थियो । अर्कातिर संसद अवरोध लम्बिरहेकोमा समेत आक्रोश बढ्दै गएको छ । यस्तो पृष्ठभूमिमा दलहरूबीच आयोग बनाएर अगाडि बढ्ने सहमति जुट्दा अनुसन्धान प्रभावित हुने खतरा थियो । अझ दलहरूको स्वार्थमा आधारित सहमति जुटिरहँदा देखिएको आशंकालाई मंगलबारको घटनाक्रमले थप बल पुगेको छ । पक्कैपनि अनुसन्धान निष्कर्षमा पुग्नु र जोसुकै भएपनि दोषी पत्ता लाग्न आवश्यक छ । तर त्यस्तो अनुसन्धान आयोगबाट मात्रै हुन्छ भन्ने रटान आफैमा उचित देखिदैन । अझ रातारात सहमति अनि फेरि बिमतिले त्यसमा बल पुगेको छ ।

# सुरक्षित 'साइबर स्पेस'

**अग्रलेख**



● नेत्र सुवेदी 'प्रयास'

सूचना तथा सञ्चारको क्षेत्रमा पछिल्ला दिनहरुमा खासगरी तीन वटा विषयले बारम्बार चर्चा पाएको अवस्था छ । पहिलो हो, मोबाइल नेटवर्क तथा इन्टरनेट सुविधा देशभित्रको जुनसुकै बस्ती, राजमार्ग तथा सार्वजनिक स्थलमा उपलब्ध हुनुपर्ने र उक्त सुविधा गुणस्तरीय र भरपर्दो हुनुपर्ने । सारमा भन्नुपर्दा, यो विषय आधारभूत आवश्यकताका रूपमा रहेको इन्टरनेट सेवामा नागरिकको पहुँचसँग सम्बन्धित छ । दोस्रो विषय भनेको, कम्प्युटर र इन्टरनेटका साथै अन्य इलेक्ट्रोनिक उपकरण प्रयोग गर्दा साइबर सुरक्षाको प्रत्याभूतिको विषय हो । यसका लागि नेपाल सरकारले हालसालै राष्ट्रिय साइबर सुरक्षा नीति जारी गरी सम्बोधन गर्ने अग्रसरता देखाएको छ । तेस्रो विषय भनेको, सामाजिक सञ्जालको प्रयोगलाई थप व्यवस्थित र सिर्जनात्मक बनाउनका लागि यससँग जोडिएका मिथ्या सूचना र सामग्री तथा जथाभावीरूपमा अरुलाई दुःख दिने तथा चरित्र हत्या गर्ने जस्ता घटना नहुने वातावरणको सिर्जना गर्ने विषय हो । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एउटा कार्य टोली बनाएर विज्ञ एवम् सरोकारवालासँगको परामर्शबाट कानून मस्यौदा गर्ने कार्य अगाडि बढाएको छ । यी तीन वटै विषयले आधुनिक समयमा सिर्जना गरेको डिजिटल पूर्वाधार निर्माण गर्न तथा त्यस्तो पूर्वाधारको सुरक्षित उपयोगतर्फ संकेत गरेको हुँदा सबैका लागि सुरक्षित साइबर स्पेसको सिर्जना अहिलेको पेचिलो र निकासका लागि प्राथमिकता पाउनुपर्ने विषयका रूपमा देखापरेको छ ।

### राष्ट्रिय सुरक्षाकै आयाम

जहाँ-जहाँ इन्टरनेटको पहुँच छ, त्यहाँसम्म साइबर स्पेश फैलिएको मानिन्छ । माथि नै भनियो कि हामी इन्टरनेटको सुविधा प्रयोग गर्ने अर्थात् साइबर युगमा छौं, जहाँ डिजिटल कारोबार र अनलाइन कार्यशैली जीवनका अभिन्न अङ्ग बनिसकेका छन् । वाइफाइ सुविधा तथा ब्रोडव्याण्ड कनेक्सन नहुनासाथ हामी के-के न छुटेजस्तो महसूस गर्दछौं । यसको मतलव हो कि साइबर स्पेशमा हामीहरु अभ्यस्त भइसकेका छौं ।

आधारभूत आवश्यकताको वस्तुका रूपमा इन्टरनेट पनि सूचीकृत भइसकेको छ । यसको अर्को पाटो भनेको साइबर आक्रमण बढ्नु हो । अपराधको स्थिति विश्लेषण गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर र यसको प्रयोग रहेको 'साइबर स्पेस'को प्रयोग गरेर हुने अपराध बढ्दो क्रममा रहेको हुँदा साइबर सुरक्षाको विषय राष्ट्रिय सुरक्षाकै लागि चासो र चिन्ताको विषय बन्न पुगेको छ ।

सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको प्रयोगमा सुरक्षा एवम् विश्वासको प्रत्याभूति गरिने, साइबर अपराधको रोकथाम तथा अभियोजन प्रणालीको विकास गरिने, साइबर आक्रमण पहिचान, रोकथाम, प्रतिरक्षालगायतका आयामहरुलाई सम्बोधन गर्ने कुरामा जोड दिइएको छ । २०८१ असार मसान्तमा अवधि सकिने १५ औं आवधिक योजनामा साइबर सुरक्षाको विषय पनि परेको छ र आगामी १६ औं योजनामा समेत यो विषयले प्रवेश पाउने नै छ ।

त्यसैगरी हालसालै नेपाल सरकारले जारी गरेको राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ले सुरक्षित र उत्थानशील साइबर स्पेश निर्माणको सोचसहित आगामी १५ वर्षभित्र नेपालको विश्वव्यापी साइबर सुरक्षा सूचकांक स्कोर हालको ४४.९९ बाट ८० पुर्‍याउने लक्ष्यसहित कानून तथा कार्यविधि, संरचना, जनशक्ति विकास तथा अनुसन्धान, तथ्यांक सुरक्षा, निजी क्षेत्र तथा नागरिक समाजको समेत सहभागिता एवम् अन्तराष्ट्रिय सहयोग र सहकार्यका विषयहरु समेटी रणनीति र कार्यनीतिहरु अघि सारेको छ ।

कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने, साइबर सुरक्षासम्बन्धी विषयलाई नजिकबाट निगरानी गर्नका लागि साइबर सुरक्षा केन्द्र सञ्चालनमा ल्याउने, क्षमता विकास तथा साइबर सुरक्षासम्बन्धी शिक्षा र सचेतनाको उचित व्यवस्था गर्ने, देशभित्र र बाहिर रहेका सरोकारवालाहरुबीच सहयोग आदानप्रदानको वातावरण बनाउने र तथ्यांक सुरक्षाका लागि आवश्यक प्रवन्ध गर्नेलगायतका प्रावधानहरु नीतिमा समावेश गरिएको छ । विषयवस्तुको प्रकृति नै चलायमान र शीघ्र परिवर्तनशील रहेको हुँदा हरेक वर्ष नीतिमा पुनरावलोकन गर्ने उल्लेख हुनु पक्कै पनि राम्रो पक्ष हो ।

### सामाजिक सञ्जालको नियमन

जहाँ-जहाँ इन्टरनेट पुगेको छ, त्यहाँ-त्यहाँ प्रयोगकर्ताहरु सामाजिक सञ्जालमा जोडिने सम्भावना बढी छ र जो-जो सामाजिक सञ्जालमा जोडिएका छन्, उनीहरु आपराधिक प्रवृत्तिका व्यक्तिबाट ठगिने वा शोषणमा पर्ने सम्भावना बढेर गएको छ । यसबाहेक डाटा चोरी हुने, रकम चोरी हुने र चरित्र हत्या हुने



> *आधुनिक समयमा सिर्जना गरेको डिजिटल पूर्वाधार निर्माण गर्न तथा त्यस्तो पूर्वाधारको सुरक्षित उपयोगतर्फ संकेत गरेको हुँदा सबैका लागि सुरक्षित साइबर स्पेसको सिर्जना अहिलेको पेचिलो र निकासका लागि प्राथमिकता पाउनुपर्ने विषयका रूपमा देखापरेको छ ।*

जस्ता घटनाहरु घटिरहेका छन् । सामाजिक सञ्जालको प्रयोग बढ्दै जाँदा मिथ्या सूचना प्रवाह हुने क्रम बढेको छ । अनलाइन मिडिया लाइक, शेयर गर्ने मात्र हैन, कि युजर क्रिएटेड कन्टेन्टहरुको प्रयोग गरी शेयर, लाइक, कमेन्टको संख्या हेरी कमाई हुने प्रावधानका कारण तथा भाइरल हुने सुरमा कतिपय सामाजिक र नैतिक पक्षहरु गौण हुने जोखिम बढेर गएको छ ।

सामाजिक सञ्जालका धेरै प्लेटफर्महरु प्रयोगमा छन् जसले गेम खेलेर समय बिताउनेदेखि लिएर जुवातास, लागूऔषधको कारोबार र डेटिङ्ग सुविधासम्म उपलब्ध गराउँदछन् । यी सबै उपलब्धताले हामीलाई हेर्न बाध्य त पार्दैनन् तर लोभ्याउँछन् र लत बसाल्न प्रेरित गर्दछन् । यदि हामीले फेसनका साइटहरु लाइक गर्‍यौं भने थरिथरि फेसन देखिन थाल्दछन्, हामीले जस्तो तस्बिर हेर्न थाल्यौं, प्लेटफर्मले एल्गोरिदम प्रयोग गरेर रुचिअनुसारका मिल्दाजुल्दा सामग्री पस्कन थाल्दछन् । के यो क्रम बढेर जाँदा हामी सिर्जनशील समय बर्बाद हुने अवस्था आउँदैन त ? यो विषयमा गम्भीरतापूर्वक विमर्श हुन आवश्यक छ ।

सामाजिक सञ्जालले उस्तै रुचि र सम्बन्ध भएकाहरुबीचको अन्तरकृयालाई भेट नभैकन पनि सम्भव तुल्याउँछ त्यसैले यसलाई भर्चुअल कम्युनिटी पनि भनिन्छ । सामाजिक सञ्चालको लागि पूर्वाधार भनेको इन्टरनेट हो भने इन्टरनेटकै सहायताले प्लेटफर्म वा एपका रूपमा नयाँनयाँ सामाजिक सञ्जालहरु थपिदै गएको देखिन्छ । सन् २००४ मा फेसवुकको शुरुवात हुनुअघिदेखि नै माइस्पेस, फ्रेण्डस्टर र लिंकडिन जस्ता प्लेटफर्म प्रयोगमा आइसकेका थिए । अहिले आएर सयभन्दा वढी सामाजिक सञ्जाल प्लेटफर्म सक्रियरूपमा सञ्चालनमा रहेको बताइन्छ ।

साइबर स्पेस भन्ने बित्तिकै इन्टरनेट जहाँ-जहाँ प्रयोग हुन्छ त्यहाँसम्मको दायरा समेटिने हुँदा सामाजिक सञ्जाल पनि साइबर क्राइम हुने सम्भावित क्षेत्र पर्ने नै भयो । नेपाल सरकारले पहिलोपटक जारी गरेको उल्लेखित नीतिले सामाजिक सञ्जालको प्रयोग सुरक्षित प्रयोगतर्फ समेत इंगित गरेको छ । साइवर सुरक्षाका लागि निरन्तर अनुगमन गरी सुरक्षित अनलाइन स्पेस निर्माण गर्ने रणनीति अन्तर्गत कार्यनीतिका रूपमा इन्टरनेट तथा सामाजिक सञ्जालको प्रयोग गरी भ्रामक जानकारी सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गरिने, महिला, बालबालिका वा लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिका विरुद्ध लक्षित अनलाइन सेवाहरुलाई निषेध गरिने, इन्टरनेट तथा सामाजिक सञ्जालको प्रयोगबाट हुने विभिन्न प्रकारका हिंसा एवम् भेदभावलाई नियन्त्रण गरिने, राष्ट्रिय सुरक्षामा आँच पुर्‍याउने, घृणा वा द्वेष फैलाउने अनलाइन उत्पीडन र साइबर बुलिङ गर्ने सामाजिक तथा साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने अश्लिलता फैलाउने किसिमका डिजिटल सामग्रीको सम्प्रेषणलाई निषेध गरिने र स्पाम मेसेजहरु सम्प्रेषण गर्ने कार्यलाई नियन्त्रण गरिने विषय समेटेको छ ।

सामाजिक सञ्जालको नियमनका लागि बन्ने कानूनको मस्यौदामा खासगरी नेपालको संविधानले महत्वका साथ व्यवस्था गरेको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको मर्मलाई आत्मसात गर्दै सामाजिक सञ्जालको रचनात्मक र समाजका लागि पाच्य हुने खालको वातावरण सिर्जना गर्ने गरी कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ । कानूनको मस्यौदा गरिरहँदा खासगरी सामाजिक सञ्जाल र यसको गलत प्रयोगसम्बन्धी शब्दावली र तिनको परिभाषा स्पष्टरूपमा उल्लेख हुनुपर्दछ ।

